www.prepp.in

Your Personal Exams Guide

UPSC CSE 2015 MAINS PAPER A DECEMBER 22, 2015 NEPALI LANGUAGE QUESTION PAPER

# NEPALI

**( Compulsory )**

Time Allowed : Three Hours

Maximum Marks : 300

## QUESTION PAPER SPECIFIC INSTRUCTIONS

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

**1.** तलको कुनै एक विषयमाथि प्रायः *600* शब्दमा प्रबन्ध लेख्नुहोस् : 100

*(a)* युवाहरूमा बढ्दो तनाव

*(b)* असफलता नै सफलताको सोपान हो

*(c)* के पढ्ने आदत हराउँदै जाँदैछ?

*(d)* समाजमा अन्ध-विश्वाससितको बढ्दो विरोधिता

**2.** निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् र तल दिइएका प्रश्नहरूको उत्तर स्पष्ट, सही र संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

रिपोर्टहरूले भन्छ, भारतका कलेजहरूबाट आउने 80 प्रतिशत मानिसहरू रोजगारको निम्ति अयोग्य ठहर्छन्। युवा-पीढीको सम्पर्कमा रहनेहरूमा एकजना म, यस आँकडासित असहमत छु। युवाहरूसितको अन्तःक्रियाको आधारमा म यति नै भन्नसक्छु कि प्रायः 90 प्रतिशत युवाहरू यस कारणले रोजगारलाई अयोग्य छन् कि ती अनिश्चित र अनुत्तरदायी छन्। साथ-साथै, कति युवाहरूले दुर्व्यवहारलाई भूलवश विश्वासको साथ लिनथालेका छन्। तिनीहरू गर्न केही चाहँदैनन्, तर प्रशस्त पैसा बनाउन चाहन्छन्।

यो होइन कि ती निकम्मा छन्; धेरैले राम्रो अङ्ग्रेजी बोल्छन् र आफूमा विश्वस्त छन्। तिनीहरू नवीनतम रिङ्गटोन्स, फिल्म र जोक्स-बारे अवगत छन्। तर जसै कोही अलि अघि बढ्छ, तिनीहरू फुस्रा आँखाले मलाई हेर्छन्। तिनीहरू धेरै पैसा कमाउन चाहन्छन्, जसको निम्ति मिडिया-हाइप र नियमित रूपले प्रकाशित हुने वेतन सर्वेलाई धन्यवाद ! तर तिनीहरूमा त्यो दक्षता छैन जसले तिनीहरूलाई त्यसरी पैसा कमाउन मदद गर्छ। तिनीहरूका डिग्रीलाई शङ्का गर्न सकिन्छ : तिनका स्नातक तहका विषयहरूलाई लिएर केही प्रश्न गरे, धेरै जस्ता युवाहरू एकदमै अत्तालिन्छन्। फाल्तू पढाइको कुरामा, कसैले कुनै निष्कर्षका कुरा पढ्दैनन्। तर यहाँ अरू केही प्रश्नहरू पनि छन्। सदाचार र व्यवहारको विषयमा, केमा दक्ष छौ भन्ने सोधेमा, आफ्नो फाल्तू समय कसरी बिताउँछौ भन्ने प्रश्न गरेमा यी आश्वस्त युवा र युवतीहरूले संशयपूर्ण दृष्टिले मलाई हेर्छन्, ''के मैले यी प्रश्नहरूको उत्तर दिनैपर्छ?''

तिनीहरूलाई यो भन्न उचित छैन कि यो तिनको आफ्नो जीवन हो र तिनले आफ्नो बारेमा मलाई भन्नुपर्छ; परन्तु ती सधैं बनी-बनाइ उत्तर चाहन्छन् जसद्वारा ती उम्किन सकून्। तिनीहरू भन्छन्,—''यदि मैले धेरै अभ्यास गरें भने म यसलाई सत्य सिद्ध गर्नेछु।'' यसरी रातारात युवाहरू उत्सुक पाठक, गिटार वादक, तारक बल्लेबाज अनि अभिनेतासम्म बन्छन्। यदि कुनै अन्तर्वार्ताकारले तिनका अधकल्पी कहानीमा विश्वास गर्ने मूर्खता गर्दछ भने मलाई अचम्म लाग्छ नै।

जहाँ भारत अघि बढ्दैछ, हामीले यस्तो एउटा अकल्पनीय पीढी तयार गर्दैछौं जसको एकमात्र लक्ष्य केही पनि नगरी एउटा सुन्दर जीवन बाँच्नु हो। यस्तो लाग्छ कि हामीले दर्शनहीन, वचनबद्धता वा नैतिकताहीन प्रशस्तै अस्थिर पत्थरहरू पैदा गर्दैछौं। आफ्नो छाला बचाउने कि कुनै असल काम गर्ने भनी रोजाउन लाए, अधिकांश युवाहरूको जवाब आफूलाई बचाउने नै हुन्छ। जब तिमी युवा छौ, तिमीमा केही मात्रामा आदर्शवाद त हुन्छ नै भन्ने ठानिन्छ, तिम्रा विचारहरूको कुनै अर्थ नहोला तर कुनै कारणको निम्ति खडा हुन इच्छुक त हुन्छौ नै। आजका युवाहरूमा कुनै कारणको प्रति कुनै मनोभाव हुँदैन। यस पीढीको राम्ररी अभ्यास गरिएको उत्तर सुनेर, मैले बुझें, नयाँ मन्त्र पैसा नै रहेछ। कसैले कुनै गम्भीर अर्थपूर्ण कुरा गर्छ भने त्यो पुरातन हो।

**प्रश्नावली :**

*(a)* कुन-कुन कारणले युवाहरू रोजगारको निम्ति अयोग्य ठहर्छन्?

*(b)* आजका युवाहरूले लेखकबाद के चाहन्छन्?

*(c)* लेखकको अनुसार, वर्तमान युवा पीढीको एकमात्र उद्देश्य के छ?

*(d)* आजका युवाहरूको नयाँ मन्त्र केलाई भनिन्छ?

*(e)* आदर्शवाद प्रति वर्तमान युवा पीढीको दृष्टिकोण के छ?

www.prepp.in

Prepp
Your Personal Exams Guide

**3.** निर्म्नलिखित गद्यांशको सक्षेपण (Précis) एक-तिहाइ शद्बमा लेख्नुहोस्। शीर्षक दिइरहने आवश्यकता छैन। संक्षेपण आफ्नै भाषामा लेख्नुपर्छ : 60

रक्षा क्षेत्रमा आत्म-निर्भर बन्दै विदेशसितको परनिर्भरता कम गर्नु सामरिक र आर्थिक दुवै कारणले आज यो एउटा विकल्प नभई एउटा आवश्यकता बनेको छ। अतीतमा सरकारले हाम्रा सशस्त्र बलहरूको आवश्यकतालाई पूरा गर्न रक्षा क्षेत्रमा आयुध कारखाना र सार्वजनिक क्षेत्रका उपक्रमहरूको रूपमा उत्पादन क्षमता निर्माण गर्‍यो। यसरी क्षमता विकसित गर्न भारतीय निजी क्षेत्रकै भूमिका बडाउनामा जोर दिन आवश्यक छ। विभिन्न वस्तुहरूको निर्माणमा वृद्धि ल्याउन 'मेक इन इन्डिया' जस्तो एक महत्त्वपूर्ण पहल गरिएको छ। अन्य वस्तुहरूको भन्दा रक्षा-उपकरणको घरेलु उत्पादनको अधिक आवश्यकता छ, किनभने यसले गर्दा न केवल बहुमूल्य विदेशी मुद्राको बचत हुन्छ, तर राष्ट्रीय सुरक्षाको चिन्तालाई पनि दूर गर्न सकिन्छ।

रक्षा क्षेत्रमा सरकार नै एकमात्र उपभोक्ता हुन्छ। अतः 'मेक इन इन्डिया' हाम्रै क्रय-नीतिद्वारा सञ्चालित हुने छ। सरकारको घरेलु रक्षा उद्योगलाई बडाउने नीति, रक्षा क्रय-नीतिमा पूर्णतः परिलक्षित हुँदछ। बाइ (buy) ग्लोबल भन्दा जहाँ बाइ इन्डियन तथा बाइ 'मेक इन इन्डियन', दर्जामा पहिले आउँछ। भविष्यमा आयात दुर्लभ भन्दा दुर्लभतर हुँदै जानेछ अनि आवश्यक व्यवस्थाको निर्माण र विकासको लागि पहिलो अवसर भारतीय उद्योगले पाउने छ।

वर्तमान कालमा भारतीय कम्पनीहरूको यथेष्ट प्रौद्योगिक क्षमता नहोला तर विदेशी कम्पनीहरूसित मिलेर संयुक्त उद्यम, प्रौद्योगिकी हस्तान्तरणको व्यवस्था र गठबन्धनको निमित्त प्रोस्ताहित गरिन्छ।

अहिलेसम्म रक्षा क्षेत्रमा घरेलु उद्योगको प्रवेशको लागि लाइसेन्स, प्रत्यक्ष विदेशी निवेश प्रतिबन्ध आदिलाई लिएर कति अडचनहरू थिए। रक्षा-निर्माण क्षेत्रमा प्रवेशको प्रक्रियालाई सहज बनाउने हेतुले अब कतिपय नीतिहरूलाई उदार बनाइएको छ। सबैभन्दा महत्त्वपूर्ण कुरो, रक्षा क्षेत्रमा प्रत्यक्ष विदेशी निवेशलाई प्रोत्साहन गर्न एफ० डी० आइ० नीतिलाई उदार बनाइएको छ। लाइसेन्स नीतिलाई पनि उदार बनाइएको छ र अब अधिकांश घटकहरू, कल-पूर्जा, कच्चा माल, परीक्षण उपकरण, उत्पादन मशीनरी आदिलाई लाइसेन्सको क्षेत्रबाट बाहिर राखिएको छ। जुन-जुन कम्पनीले यस किसिमका वस्तुहरू उत्पादन गर्न चाहन्छ अब तिनलाई लाइसेन्सको खाँचो पर्दैन।

रक्षा क्षेत्रमा घरेलु र विदेशी दुवै भरिका निवेशकहरूलाई एउटा ठूलो अवसर उपलब्ध छ। एकातिर यहाँ सरकार निर्यात, लाइसेन्सिङ्ग, एफ० डी० आइ० सहित निवेश र खरिदको लागि नीतिमा आवश्यक परिवर्तन गर्न लागिरहेछ, उहीं उद्योगलाई पनि आवश्यक निवेश र प्रौद्योगिकीको क्षेत्रमा उन्नयन गर्ने चुनौतीलाई स्वीकार गर्न पनि अघि आउनु पर्नेछ। रक्षा एउटा यस्तो क्षेत्र हो जुन नवनिर्मितीले सञ्चालित हुन्छ र जहाँ प्रचुर निवेश र प्रौद्योगिकीको आवश्यकता पर्दछ। उद्योगलाई पनि अस्थायी लाभ हेरेर होइन तर दीर्घ अवधिको निम्ति सोच्ने मानसिकता बनाएर हेर्नु पर्दछ। हामीले अनुसन्धानको विकास र नवीनतम निर्माणको क्षमताहरूमा अधिक ध्यान दिनु पर्दछ। सरकार, घरेलु उद्योगको निम्ति एउटा यस्तो पारिस्थितिकी प्रणाली विकसित गर्न प्रतिबद्ध छ जसद्वारा उसले सार्वजनिक र निजी दुवै क्षेत्रमा समान स्तरमा व्यावसायिक उन्नति गर्न सक्ने छ।

**4.** तलको गद्यांशलाई अङ्ग्रेजीमा अनुवाद गर्नुहोस् : 20

अरब देशको एउटा ठूलो भाग मरुभूमि छ। यहाँ केही छैन, खालि बलुवा र चट्टान मात्रै। यहाँ बलुवा यति तातो हुन्छ कि तपाईं दिउँसो खालि खुट्टा हिँड्नै सक्नु हुन्न। मरुभूमिमा यता-उती पानीका मूलहरू हुन्छन् जुन जमीनको धेरै तलबाट उम्रिएका हुन्छन्, यति तलबाट कि त्यसलाई सूर्यले पनि सोस्न सक्दैन। यस्ता पानीका मूलहरू खूबै कम हुन्छन् तर कहीं एउटै भए पनि त्यहाँ अल्गा-अल्गा रूखहरू उम्रिन्छन् र पानीको मूल वरिपरि शीतल, हरियाली र छायादार ठाँउ बनाइदिन्छन्। यस्तो ठाउँलाई मरूद्यान भनिन्छ।

शहरमा नबस्ने अरबवासीहरू वर्षैभरि मरुभूमिमा बस्छन्। उनीहरू तम्बूमा बस्छन् जुन छिटै अनि सजिलैसित गाड्न र उखाल्न सकिन्छ जसमा कि उनीहरू आफ्ना भेडो, बाख्रा, ऊँट र घोडाहरूलाई घाँस-पानीको निम्ति एउटा मरूद्यानदेखि अर्को मरूद्यानमा जान सकून्। यी मरुभूमिवासी अरबीहरू पाकेका मीठा अञ्जीर र खजूर खान्छन् जुन खजूरका रूखमा फल्छन्। उनीहरू तिनलाई सुकाउँछन् पनि र वर्षभरि खाद्यको रूपमा प्रयोग गर्दछन्।

यी अरबवासीहरूसित संसारका सर्वोत्तम घोडा हुन्छन्। अरबीले आफ्नो सवारी घोडाको खूब गर्व गर्छ र त्यसलाई उ आफ्नी पत्नी र नानीहरूलाई जत्तिकै प्यार गर्छ। अरबवासीको निम्ति उसको सुन्दर घोडाभन्दा बढ्ता उपयोगी ऊँट हुन्छ जुन अझै ठूलो र बलियो हुन्छ। एउटा ऊँटले दुइटा घोडाले जत्तिकै कि अझ बेसी भारी बोक्न सक्छ। अरबीहरूले ऊँटमा भारी लाद्छन् अनि आफू पनि चढ्छन् र मरुभूमिमा माइलौं माइल यात्रा गर्छन्—जसमा कि त्यो 'मरुभूमिको जहाज' नै हो अनि प्रायः त्यसै भनिने पनि गरिन्छ।

**5.** तलको गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

Language and communication are something that children learn by talking to one another. But schools consider this an act of indiscipline. Instead, we have a special grammar class to learn language! One educationist remarked, "It is nice that children spend just a few hours at school. If they spend all 24 hours in schools, they will turn out to be dumb!" In most schools, teachers talk, children listen. The same is true for other skills also. Children learn a great deal without being taught, by tinkering and pottering on their own.

Changes in the school system, if they are to be of lasting significance, must spring from the actions of teachers in their classrooms, teachers who are able to help children collectively. New programmes, new materials and even basic changes in organizational structure will not necessarily bring about healthy growth. A dynamic and vital atmosphere can develop when teachers are given the freedom and support to innovate. One must depend ultimately upon the initiative and respectfulness of such teachers and this cannot be promoted by prescribing continuously and in detail what is to be done.

In education, we can cry too much about money. Sure, we could use more, but some of the best classrooms and schools I have seen or heard of, spend far less per pupil than the average in our schools today. We often don't spend well what money we have. We waste large sums on fancy buildings, unproductive administrative staff, on diagnostic and remedial specialists, on expensive equipment that is either not needed, or underused or badly misused, on tons of identical and dull textbooks, readers and workbooks, and now on latest devices like computers. For much less than what we do spend, we could make our classrooms into far better learning environments than most of them are today.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

महाशय; सूक्ति; सुरेन्द्र; उमेश; सप्तर्षि; सदैव; प्रत्येक; जगन्नाथ।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थी शब्दहरूको प्रत्येकको दुइ-दुइवटा भिन्न अर्थ दिनुहोस् : 5

कर, टीका; उत्तर, तीर; अर्थ; मन्त्र; आदि; भूत।

www.prepp.in

Prepp
Your Personal Exams Guide

(b) (i) तलका कुनै **पाँच** समस्तपदहरूलाई विग्रह गर्नुहोस् : 5

अन्नपानी; जगन्माता; ठूल्दिदी; पछिल्तिर; चौमास; तातातातो; लाम्पुछ्रे; ससाना।

(ii) तलका कुनै **पाँच** प्रत्ययहरू लगाएर पाँचोटा शब्द बनाउनुहोस् : 5

आलु; वाला; दार; आहा; औली; ओटा; पन; इलो।

(c) (i) तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

आकाशको फल; आँखाको तारा; घर-संसार; गोबर-गणेश; नाक दुख्नु; आङ फुल्नु; करङ चिलाउनु; कुरा खानु।

(ii) तलका कुनै **पाँच** उखानहरूलाई पूर्ण गर्नुहोस् : 5

(1) अचानाको पीर ..........।

(2) आफू छ छारामा ..........।

(3) काग कराउँदै गर्छ ..........।

(4) खान्न खान्न लोकाचार ..........।

(5) .......... गाई हुँदैन।

(6) .......... भैँसी बराबर।

(7) .......... साली फकाउनु पर्दैन।

(8) .......... दक्षिणा हरायो।

(d) (i) तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

मिलन; मिथ्या; सकारात्मक; मुक्त; प्रशंसा; देव; उत्कृष्ट; राजा।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) जो कहिल्यै बुढो वा पुरानो हुँदैन।

(2) जो देख्न सकिँदैन।

(3) जुन सहनु सकिँदैन।

(4) जसले पालन-पोषण गर्छ, सुरक्षा दिन्छ।

(5) जसले ईश्वरमा विश्वास गर्दैन।

(6) जसको कुनै रूप वा आकार छ।

(7) जो लेख्न-पढ्न जान्दैन।

(8) जुन वस्तु पाउन गाह्रो छ।

★ ★ ★